अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	बैकुन्ठ अधिकारीसमेत (वि.अ. को मु.नं. ०८०-CR-००६०), वि.अ. को फैसला मिति २०८१।१।३१	गैर कानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको मुद्दामा	(क) प्रतिवादी बैकुण्ठ अधिकारी उपर निजले सम्झौता बमोजिम खरिद सम्बन्धी सम्पूर्ण कागजात अध्ययन नगरी नगराई र स्थलगत अनुगमनसमेत नगरी नगराई भुक्तानी सम्बन्धी टिप्पणी सदर गरी सम्झौता बमोजिम गुणस्तर र ब्राण्डको वितरण गर्नुपर्ने यन्त्र उपकरणभन्दा कम गुणस्तरको र फरक ब्राण्डको मिनिटिलर बापत आपूर्तिकर्तालाई भुक्तानी गरी प्रदेश सरकारलाई जम्मा रु. रु.१,३१,६०,०००।- - (एक करोड एकतीस लाख साठी हजार रुपैयाँ) बदनियतपूर्वक हानि पुऱ्याइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसूर गरेको देखिदाँ प्रतिवादीलाई सोही ऐनको सोही दफा ८ को उपदफा (१) बमोजिम बिगो रु. रु.१,३१,६०,०००।- - (एक करोड एकतीस लाख साठी हजार रुपैयाँ) कायम गरी कैद र जरिबाना हुन साथै हानि नोक्सानी पुऱ्याएको सो बिगो निज प्रतिवादीबाट असुल गरिपाउन भनी दावी लिएको अवस्था देखिन्छ। (ख) प्रतिवादी श्रीधर ज्ञवाली उपर निजले सम्झौता बमोजिम खरिद सम्बन्धी	**विशेष अदालत काठमाण्डौवाट भएको मिति २०८१।०१।३१ को फैसला ।** प्रस्तुत मुद्दामा प्रतिवादीहरु बैकुण्ठ अधिकारी, श्रीधर ज्ञवाली र मुकेश रामजाली नेपाली उपरको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको आरोपदाबी पुग्न नसकी सफाइ पाउने ठहर गरी फैसला भएको र आपूर्तिकर्ता रहेका प्रतिवादी राजाराम तिवारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको देखिंदा सो कसूरमा उक्त ऐनको दफा ८ को उपदफा (४) बमोजिम फरक परेको मिनिटिलरको अनुदान रकम रु.५,८१,२५०।- (पाँच लाख एकासी हजार दुई सय पचास रुपैयाँ) बिगो कायम भई सो बिगो बराबर रु.५,८१,२५०।- (पाँच लाख एकासी हजार दुई सय पचास रुपैयाँ) निज प्रतिवादीलाई जरिबाना हुने र सो बिगो रकम रु.५,८१,२५०।- (पाँच लाख एकासी हजार दुई सय पचास रुपैयाँ) निज प्रतिवादीबाट असुल उपर हुनेसमेत ठहर गरी विशेष अदालत काठमाण्डौंबाट मिति २०८०।१२।१९ मा फैसला भएको देखिन्छ । **विशेष अदालत काठमाण्डौवाट प्रतिवादी राजाराम तिवारीलाई आरोपदावी बमोजिम नै कसूर ठहर गरी विगोको हकमा माग दावी भन्दा कम विगो असुल उपर हुने र अन्य प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी फैसला गर्दा लिएका आधारहरुः** **क)** प्रस्तुत मुद्दामा प्रतिवादीहरु बैकुण्ठ अधिकारी, श्रीधर ज्ञवाली र मुकेश रामजाली नेपाली दाबीको मिनिटिलरको खरिद प्रक्रिया	**विशेष अदालत काठमाण्डौवाट प्रतिवादी राजाराम तिवारीलाई आरोपदावी बमोजिम नै कसूर ठहर गरी विगोको हकमा माग दावी भन्दा कम विगो असुल उपर हुने र अन्य प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने ठहर गरी भएको फैसला उपर श्री सम्मानित सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्नुपर्ने आधार र कारणहरु :** (क) भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको आर्थिक बर्ष २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि विकास कार्यक्रम तर्फ कृषि यानत्रीकरण कार्यक्रम सञ्चालनको लागि **कृषि यानत्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५** अनुसार आपूर्तिकर्ताबाट दररेट प्रस्ताव आव्हान गरेको देखिन्छ र कृषि यानत्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ८ को उपदफा (१) को देहाय (ख) मा "आपूर्तिकर्ताले पेश गरेको विवरणको आधारमा मन्त्रालय वा मातहतका कार्यालयद्वारा अनुसुची ९ बमोजिम अनुगमन भई अनुगमन प्रतिवेदनको आधारमा अनुदान रकम भुक्तानी दिइनेछ" भन्ने र सोहि कार्यविधिको दफा १० (घ) मा "आपूर्तिकर्तालाई सम्बन्धित उपभोक्तालाई कृषि यन्त्र उपकरण उपलब्ध गराएको भरपाई र जिल्लास्थित मन्त्रालय मातहतका कार्यालयको सिफारिसको आधारमा भुक्तानी दिईने छ" भन्ने उल्लेख भएको देखिन्छ। रोल्पा र प्यूठान जिल्लासँग सम्बन्धित उल्लिखित कार्यविधि, २०७५ को प्रावधान बमोजिमका सम्पूर्ण कागजातहरु बिना नै आधुनिक कृषि किसान संसार प्रा.लि.ले भुक्तानीको लागि माग गरेको देखिएकोमा सोही आधारमा मात्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ बुटवलका कृषि प्रसार अधिकृत मुकेश राम्जाली नेपालीले रोल्पा, प्यूठान, गुल्मी,

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

			कागजातहरु संलग्न भए नभएको र सम्झौताबमोजिम गुणस्तर र ब्राण्डको यन्त्र उपकरण रहे नरहेको अध्ययन नगरी सम्झौतामा उल्लेख भए बमोजिम गुणस्तर र ब्राण्डभन्दा कम गुणस्तर र फरक ब्राण्डको यन्त्र उपकरण बापत आपूर्तिकर्तालाई भुक्तानीको लागि टिप्पणी सिफारिस गरी प्रदेश सरकारलाई जम्मा रु.१,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार रुपैयाँ) बदनियतपूर्वक हानि पुऱ्याइ भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसूर गरेको देखिंदा निज प्रतिवादीलाई सोही ऐनको को दफा ८ को उपदफा (१) बमोजिम रु. रु.१,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार रुपैयाँ) बिगो कायम गरी कैद र जरिबाना हुन साथै हानि नोक्सानी पुऱ्याएको सो बिगो निज प्रतिवादीबाट असुल गरिपाउन भनी दावी लिएको अवस्था देखिन्छ। (ग) प्रतिवादी मुकेश राम्जाली नेपाली उपर निजले सम्झौताबमोजिम खरिद सम्बन्धी कागजातहरु संलग्न भए नभएको र सम्झौताबमोजिम गुणस्तर र ब्राण्डको यन्त्र उपकरण रहे नरहेको अध्ययन नै नगरी फरक	र अनुदानग्राहीलाई वितरण गर्ने प्रक्रियामा प्रत्यक्ष संलग्न रहेको भन्ने नदेखिएको ख) प्रतिवादी राजाराम तिवारीले बदनियतपूर्वक सम्झौताको शर्त विपरीत जम्मा रु.५,८१,२५०।- बिगो रकम बराबर दावीको मात्र कसूर गरेको भन्ने देखिएको ।	पाल्पा लगायतका जिल्लाहरुमा भएको यानत्रीकरण सम्बन्धी आधुनिक कृषि संसार, भरतपुर, चितवनलाई भुक्तनी हुन भनि मिति २०७६।०३।२४ र २०७६।०३।२५ मा टिप्पणीहरु उठाएकोमा सोही बमोजिम महाशाखा प्रमुख श्रीधर ज्ञवालीले सचिव समक्ष टिप्पणी पेश गरी सचिव बैकुण्ठ अधिकारीद्वारा आ.प्र. लाई "कार्य सम्पन्न सिफारिस बमोजिम भुक्तानी प्रक्रिया अघि बढाउन" भनि उक्त टिप्पणीहरु सदर भएको देखिन्छ भने सो पश्चात उक्त मन्त्रालयको मिति २०७६।०३।२४ को गोश्वारा भौचर नं. १३ तथा ३१ र मिति २०७६।०३।२५ को गोश्वारा भौचर नं. ३९ मार्फत आधुनिक कृषि संसार, भरतपुर, चितवनलाई भुक्तानी दिई सो कम्पनीको तर्फबाट राजाराम तिवारीले भुक्तानी बापतको चेक बुझेको देखिन्छ। यसैगरी कार्यविधि बमोजिमका कागजातहरु बिना नै भुक्तानी प्रक्रिया अघि बढाइएको भन्ने सम्बन्धमा आरोपीतहरुले बयानमा ठोस आधार कारण खुलाउन सकेको समेत नदेखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावीबाट नै सफाई हुने ठहर गरी भएको फैसला कानून व्याख्याको रोहमा त्रुर्टिपूर्ण भई बदरभागी रहेकोले वदर गरीपाउँ । (ख) प्रतिवादीहरु बैकुण्ठ अधिकारी, श्रीधर ज्ञवाली र मुकेश रामजाली नेपाली का हकमा हेर्दा पनि मिनिटिलर वितरणको समयमा र वितरण पश्चात स्थलगत अनुगमन गर्ने कार्य समेत नगरी नितान्त रुपमा आपूर्तिकर्ताले पेश गरेको कागजातकै आधारमा मात्र लापरवाही तवरले भुक्तानी गरेको भन्ने प्रष्टसँग देखिरहेको साथै सम्झौता बमोजिम नै कुल ११२ थान मिनिटिलरको भुक्तानी भएकोमा खरिद गरी वितरण भएका केवल १२ थान सम्झौता बमोजिम, १ थान कवाडिलाई बेचिएको र १ थान अस्पष्ट भएको हुँदा कुल १४ थान मात्र सम्झौता बमोजिम रहेको देखिएको हुँदा बाँकी ९८ थान मिनिटिलर सम्झौताले निर्धारित गरेको गुणस्तर बमोजिम

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

			ब्राण्ड र कम गुणस्तरको यन्त्र उपकरण सम्बन्धी आपूर्तिकर्ताले पेस गरेको कागजात जस्ताकोतस्तै भुक्तानीको लागि टिप्पणी पेस गरी प्रदेश सरकारलाई जम्मा रु.१,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार रुपैयाँ) बदनियतपूर्वक हानि पुऱ्याइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसूर गरेको देखिदा प्रतिवादीलाई सोही ऐनको को दफा ८ को उपदफा (१) बमोजिम रु.१,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार रुपैयाँ) बिगो कायम गरी कैद र जरिबाना हुन साथै हानि नोक्सानी पुऱ्याएको सो बिगो निज प्रतिवादीबाट असुल उपर गरिपाउन भनी दावी लिएको अवस्था देखिन्छ। (घ) आधुनिक कृषि किसान संसार र सो संस्थाका प्रबन्ध निर्देशक प्रतिवादी राजाराम तिवारी उपर निजले सम्झौतामा उल्लेख भएबमोजिम गुणस्तर र ब्राण्डको वितरण गर्नुपर्ने मिनिटिलर खरिद नगरी कम गुणस्तर र ब्रान्डको मिनिटिलर वितरण गरी, सम्झौता बमोजिम नै मिनिटिलर खरिद र वितरण गरेको भनी भुक्तानी माग गरी प्रदेश सरकारलाई बदनियतपूर्वक		नरहेको हुँदा उक्त मिनिटिलर खरिद र वितरण सम्बन्धी समग्रमा रु. १,४७,५०,०००/- खर्च भएकोमा १४ थान मिनिटिलरको रु. १५,९०,०००/- रकम घटाउँदा रु १,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार मात्र) हानी नोक्सानी भएको भन्ने प्रष्टसँग देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुर्टिपूर्ण भई बदरभागी रहेकोले वदर गरीपाउँ । (ग) तत्कालिन प्रदेश सचिव रहेका प्रतिवादी बैकुण्ठ अधिकारीले सम्झौता बमोजिम खरिद सम्बन्धी सम्पूर्ण कागजात अध्ययन नगरी नगराई र स्थलगत अनुगमनसमेत नगरी नगराई भुक्तानी सम्बन्धी टिप्पणी सदर गरी सम्झौता बमोजिम गुणस्तर र ब्राण्डको वितरण गर्नु पर्ने यन्त्र उपकरण भन्दा कम गुणस्तरको र फरक ब्राण्डको मिनिटिलर बापत आपूर्तिकर्तालाई भुक्तानी गरेको साथै तत्कालिन प्रदेश मन्त्रालयका महाशाखा प्रमुख रहेका प्रतिवादी श्रीधर ज्ञवालीले सम्झौता बमोजिम खरिद सम्बन्धी कागजातहरु संलग्न भए नभएको र सम्झौताबमोजिम गुणस्तर र ब्राण्डको यन्त्र उपकरण रहे नरहेको अध्ययन नगरी सम्झौतामा उल्लेख भए बमोजिम गुणस्तर र ब्राण्ड भन्दा कम गुणस्तर र फरक ब्राण्डको यन्त्र उपकरण आपूर्तिकर्तालाई बापत भुक्तानीको लागी टिप्पणी सिफारिस गरेको साथै तत्कालिन कृषि प्रसार अधिकृत रहेका प्रतिवादी मुकेश राम्जाली नेपालीले सम्झौता बमोजिम खरिद सम्बन्धी कागजातहरु संलग्न भए नभएको र सम्झौताबमोजिम गुणस्तर र ब्राण्डको यन्त्र उपकरण रहे नरहेको अध्ययन नै नगरी फरक ब्राण्ड र कम गुणस्तरको यन्त्र उपकरण सम्बन्धी आपूर्तिकर्ताले पेश गरेको कागजात जस्ताको तस्तै भुक्तानीको लागी टिप्पणी पेश गरी प्रदेश सरकारलाई जम्मा रु

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

			जम्मा रु.१,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार रुपैयाँ) हानि पुऱ्याइ भुक्तानी लिएको देखिंदा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा सोही ऐनको सोही दफा ८ को उपदफा (४) बमोजिम बिगो रु.१,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार रुपैयाँ) कायम गरी सजाय गरिपाउन भनी दावी लिएको अवस्था देखिन्छ।		१,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार मात्र) बदनियतपूर्वक हानी पुर्याई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर गरेको देखिदाँ प्रतिवादीलाई सोहि ऐनको सोही दफा ८ को उपदफा (१) बमोजिम बिगो रु. १,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार मात्र) कायम गरी कैद र जरिवाना हुन साथै हानी नोक्सानी पुर्याएको सो बिगो प्रतिवादीबाट असुल हुनु पर्नेमा सव तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भएकाले बदरभागी छ । बदर गरीपाउँ । (घ) आधुनिक कृषि किसान संसार र सो संस्थाका प्रबन्ध निर्देशक प्रतिवादी राजाराम तिवारीले सम्झौतामा उल्लेख भए बमोजिम गुणस्तर र ब्राण्डको वितरण गर्नु पर्ने मिनिटिलर खरिद नगरी कम गुणस्तर र ब्रान्डको मिनिटिलर वितरण गरी, सम्झौता बमोजिम नै मिनिटिलर खरिद र वितरण गरेको भनि भुक्तानी माग गरी प्रदेश सरकारलाई बदनियतपूर्वक जम्मा रु १,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार मात्र) हानी पुर्याई भुक्तानी लिएको देखिदा निज प्रतिवादीलाई बिगो रु. १,३१,६०,०००।- (एक करोड एकतीस लाख साठी हजार मात्र) कायम गरी सजाय हुनुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ